# प्रेस विज्ञप्ती

मिति : २०७६/११/१३

## मुक्तिनाथ विकास बैंकको घर तथा व्यवसाय कर्जा

मुक्तिनाथ विकास बैंकले आवासीय प्रयोजनका लागि आफ्नो वा एकाघर सदस्यको स्वामित्वमा रहेको घर, घडेरी, घरजग्गा तथा फ्ल्याट /अपार्टमेन्टमा भएको स्व-लगानीमा नपुग पूँजी लगानी गर्न " मुक्तिनाथ घर पूँजी कर्जा "सञ्चालनमा ल्याएको छ। घर पूँजी कर्जा आकर्षक ब्याजदरमा १५ बर्षसम्मका लागि लिन सकिनेछ। किस्ता रकम थोरै हुने भएकोले न्यून आय भएका व्यक्तिहरुले पनि यो कर्जा सहजै परिचालन गर्न सक्ने अपेक्षा गरिएको छ।

यसका साथै, बैंकले "मुक्तिनाथ सरल व्यवसायिक कर्जा " पनि सञ्चालनमा ल्याएको छ। यो कर्जा विभिन्न व्यवसाय स्थापना गर्न, आधुनिकीकरण गर्न र पूर्वाधारमा लाग्ने पूँजीगत खर्चहरु परिपूर्ति गर्न, मौज्दात, आसामी, पेश्की लगायत स्थायी वा अस्थायी प्रकृतिका चालुपूँजी आवश्यकता पूरा गर्न आवश्यक पर्ने पूँजीको लागि कर्जा प्रदान गरिनेछ। यो कर्जाले व्यवसाय शुरु गर्न चाहने र व्यवसाय गरी रहेका व्यापारी तथा उद्यमीहरुलाई आवश्यक पर्ने वित्तीय आवश्यकता पुरा गरी उद्यम/व्यवसाय वृद्धि गर्न सघाउ पुऱ्याउने अपेक्षा गरिएको छ।

यस विकास बैंकले हाल ४२ जिल्लामा १३४ वटा शाखाहरु मार्फत ग्राहकका आवश्यकता बमोजिमका सबै प्रकारका बचत निक्षेप तथा कर्जा सेवाहरु प्रदान गर्दै आई रहेको छ। साथै, प्रविधिमा आधारित रही मोबाईल बैंकिङ्ग, क्यूआर पेमेन्ट, एटिएम, अनलाईन बैंकिङ्ग, आस्वा सेवा, D-MAT खाता लगायतका सेवाहरु पनि प्रदान गर्दै आई रहेको छ।